अश्विन्यादिफाल्गुणान्तानि यदा सङ्क्रम त्रुटचते ।
पौषमासा निवर्द्धन्ते मासवृद्धि विधीयते ।
ननु इति कथमयनमेव मासवृद्धिः ॥
कर्क्कटे सिंहकन्यायां तुलाकीटधनुर्द्धरे ।
भानो संक्रमणे नष्टे द्विराषाढो विधीयते ॥
मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।
अर्क्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुधः ॥
अधिमासा यदा नष्टा रयणे द्वे सुचिन्तयेत् ।
द्विराषादो द्विपौषश्च भारद्वाजस्य वचनं यथा ॥

यतावाट

नारदको मतअनुसार

चैत्र, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्रमा अधिमास परे सो अधिमास आषाढमा मानिने

आश्विन, कार्तिक, मार्ग, पौष, माघ, फाल्गुनमा अधिमास परे सो अधिमास पौषमा मानिने

भारद्वाजको मतअनुसार

श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, पौषमा अधिमास परे सो अधिमास आषाढमा मानिने

माघ, फाल्गुन, चैत्र, वैशाख ज्येष्ठ, आषाढमा अधिमास परे सो अधिमास पौषमा मानिने

देखिन्छ ।[30]

शङ्करमानजीको मतअनुसार संवत् ३१ र संवत् ३४ शकसंवत् ५०५–५०६ तथा ५०८–५०९ मा पर्छन् ।[31]

केरो लक्ष्मण छत्रेले गनेको अधिमासक्षयमाससारणीमा शकसंवत् ५०५ मा भाद्रमा अधिमास छ तथा शकसंवत् ५०८ मा श्रावणमा अधिमास छ ।[32]

श्रावण तथा भाद्रमा परेको अधिमास भारद्वाज तथा नारद दुवैको मतअनुसार आषाढमा मानिन्छ । परन्तु अभिलेखमा संवत् ३१ तथा संवत् ३४ मा पौषमा अधिमास छ । यसरी शङ्करमानजीको मतअनुसारको संवत्को सङ्गति यहाँ पनि भएन ।

मानदेवसंवत्अनुसार संवत् ३१ शकसंवत् ५२९–५३० मा तथा संवत् ३४ शकसंवत् ५३२–५३३ मा हुन्छ ।

छत्रेको सारणीमा शकसंवत् ५३० मा ज्येष्ठमा अधिमास छ तथा शकसंवत् ५३३ मा वैशाखमा अधिमास छ ।[33]

भारद्वाजको मतअनुसार वैशाख तथा ज्येष्ठमा परेको अधिमास पौषमा मानिन्छ । अभिलेखमा पनि संवत् ३१ तथा संवत् ३४ मा पौषमा अधिमास छ । यसरी सुमतितन्त्रअनुसारको संवत्को सङ्गति यहाँ पनि भयो ।

यसरी सुमतितन्त्रअनुसार सबै कुराको सङ्गति भएकोले लिच्छविकालमा चलेको दोस्रो संवत् वि. सं. ६३३ देखि चलेको हो भन्ने कुरा स्पष्ट हुन्छ ।

टिप्पणी

१. वास्तवमा यो अभिलेख संवत् २९ को हो (वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ७ अङ्कमा छापिएको पिताजी नयराज पन्तको लिच्छविकालका अभिलेखमा देखापरेका ५५ सम्मका संवत्का अङ्कको निर्णय भन्ने निबन्ध, सो अङ्कका ४–५ पृ.)

२. वि. सं. १९३७ मा प्रकाशित इन्डिअन् यान्टिक्वरि (भारतीय प्रत्नतत्त्व) को ९ भागमा छापिएको भगवान्लाल इन्द्राजी र जर्ज बूलरको इन्स्क्रिप्शनज् फ्रम् नेपाल् (नेपालका अभिलेख) भन्ने निबन्ध, सो भागको १६९ पृ.

३. वि. सं. १९६२ मा पेरिसबाट प्रकाशित ले नेपाल्, एतूईद् ईस्तवरीक् द'अन् र्वायोम् ऍंदू (हिन्दू अधिराज्य नेपालको इतिहासको परिशीलन) को २ भागका १५२–१५४ पृ.

४. वि. सं. १९९२ मा प्रकाशित इन्डिअन् हिस्टरइकल् क्वार्टर्लि (भारतीय इतिहास-सम्बन्धी त्रैमासिक पत्रिका) को ११ भागका ३०४–३१२ पृष्ठमा छापिएको के. जी.

शङ्करको दि अर्ली क्रोनलअजि अफ् नेपाल् (नेपालको प्राचीन कालनिर्णय) भन्ने निबन्ध

५. वि. सं. १९९४ मा पटनाबाट एम्. एन्. बर्मन् यान्ड कम्पनीद्वारा प्रकाशित काशीप्रसाद जायसवालको क्रोनल्अजि यान्ड हिस्टरि अफ् नेपाल् फ्रम् ६०० बी. सी. टु ८८० ए. डी. (वि. पू. ५४२ देखि वि. सं. ९३६ सम्मको नेपालको कालनिर्णय र इतिहास) का ५३-३४ पृ.

हेमराज शर्माले वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने कुराको सूचना जायसवाललाई दिएको, तर जायसवालले सो कुरा स्वीकार नगरेको जायसवालको पुस्तकबाट बुझिन्छ ।

बाबुराम आचार्यले वि. सं. ६३३ देखि नेपालमा चलेको नयाँ संवत् अंशुवर्माहरूले प्रयोग गरेको संवत् हो भनी निर्णय गरेपछि तोत्रराज पाँडे र पिताजी नयराज पन्तको नेपालको संक्षिप्त इतिहासमा पनि यही कुरा लेखिएको छ। (वि. सं. २००४ मा काशीबाट तोत्रराज पाँडेद्वारा प्रकाशित नेपालको संक्षिप्त इतिहासको १४ पृ.)

यसरी हेमराजको सूचनालाई त्यस बेलाका अरू नेपाली विद्वान्हरूले पुष्ट गरेको देखिएकोले एक किसिमले नेपाली विद्वान्हरूको सर्वसम्मत मत यही नै मान्नुपर्छ ।

६. वि. सं. २०२२ मा काशीबाट कृष्णकुमारीद्वारा प्रकाशित बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूपरेखाको दोस्रो संस्करणका ८६-९३ पृ.

७. जर्नल् अफ् दि एशियाटिक् ससाइइटि (एशियासम्बन्धी संस्थाको पत्रिका) को वि. सं. २०१६ को पहिलो भागको पहिलो अङ्कमा छापिएको रमेशचन्द्र मजूमदारको दि ईरअज् अफ् नेपाल् (नेपालका संवत्) भन्ने निबन्ध

८. वि. सं. २०२७ मा काशीबाट चौखम्बा संस्कृत सीरिज अफिसद्वारा प्रकाशित हितनारायण झाको द लिच्छविज् (लिच्छविहरू) का १२०-१२५ पृ.

९. वि. स. २०३० मा काठमाडौंबाट दिलीपमान राजवंशीद्वारा प्रकाशित शङ्करमान राजवंशीको लिच्छविसंवत्को निष्कर्षका ५-२४ पृ.

१०. वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३२ अङ्कमा छापिएको महेशराज पन्तको नेपाल् इन् परस्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी केही अशुद्धि भन्ने निबन्ध, सो अङ्कका २५५-२५६ पृ.

११. यो पुस्तकको अर्को प्रति ब्रिटिश म्यूजियममा छ (वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कका २६९-२७३ पृष्ठमा छापिएको दिनेशराज पन्तको मानदेव संवत् भन्ने निबन्ध, सो अङ्कका २७२-२७३ पृ.)

१२. वि. सं. २०३३ मा प्रकाशित मर्यादा १२ अङ्कमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको केही परिचय भन्ने निबन्ध, सो अङ्कका ५४-६३ पृ

वि. सं. २०३५ मा प्रकाशित पूर्णिमा ३९ अङ्कका १३५-१४८ पृष्ठमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको रचनाकाल भन्ने निबन्ध

वि. सं. २०३५ माघ ७ गते तथा २१ गतेको जनजागृति साप्ताहिकमा छापिएको दिनेशराज पन्तको सुमतितन्त्रको रचना कहिले भयो भन्ने निबन्ध

१३. पूर्णिमा ३६ अङ्कका २६९-२७२ पृ.

१४. वि. सं. २०१८ मा प्रकाशित इस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको ४ अङ्कका २२७-२३२ पृष्ठमा छापिएको लूच्यानो पेतेकको द क्रोनल्अजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्ध

पूर्णिमा ३६ अङ्कका ९५-९९ पृष्ठमा छापिएको पिताजी नयराज पन्त र महेशराज पन्तको वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन् भन्ने निबन्ध, सो अङ्कको ९९ पृ.

१५. पूर्णिमा ३६ अङ्कका ९७-९८ पृ.

१६. वि. सं. २०३० मा त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखको १० पृ.

१७. लिच्छविकालका अभिलेखको २१७ पृ.

पूर्णिमा ३६ अङ्कका २७३-२७५ पृष्ठमा छापिएको दिनेशराज पन्तको चाँगुको अंशुवर्माको अभिलेखको तिथिमितिको गणना भन्ने निबन्ध, सो अङ्कका २७३-२७४ पृ.

१८. वि. सं. २०३० वैशाख १ गते प्रकाशित समीक्षाको १० पृष्ठमा छापिएको मोहनप्रसाद खनालको भक्तपुरमा प्राप्त संवत ३१ को लिच्छविकालको अप्रकाशित अभिलेख भन्ने निबन्ध

लिच्छविकालका अभिलेखको ३१५ पृ.

पूर्णिमा ३६ अङ्कको २७४ पृ.

१९. मर्यादा १३ अङ्कमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रबाट नेपालको इतिहासमा पर्न सक्ने प्रकाश भन्ने निबन्ध, सो अङ्कका ८-४१ पृ.

पूर्णिमा ३६ अङ्कका २७३-२७५ पृ.

पूर्णिमा ३९ अङ्कका १००-११८ पृष्ठमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्तको अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन् भन्ने निबन्ध, सो अङ्कका १०४-१११ पृ.

२०. वि. सं. २०३३ मा प्रकाशित पूर्णिमा ३५ अङ्कमा छापिएको महेशराज पन्तको वेदाङ्ग-

ज्यौतिषको कालमानको अष्टाध्यायी, सुश्रुतसंहिता र कौटलीय अर्थशास्त्रमा परेको प्रभाव भन्ने निबन्ध, सो अङ्कको १५३ पृ.

२१. वि. सं. २०२३ मा प्रकाशित हिमानी २ वर्ष ३ अङ्कमा छापिएको बुद्धिसागर पराजुलीको हाम्रा प्राचीन हस्तलिखित पुस्तकहरू भन्ने निबन्ध, सो अङ्कको २१ पृ.
लिच्छविकालका अभिलेखको ५६९ पृ.

२२. पूर्णिमा ३९ अङ्कका १०१–१०२ पृ.
वि.सं. २०३५ चैत्र २२ गतेको गोरखापत्रमा छापिएको दिनेशराज पन्तको पत्र

२३. पूर्णिमा ३९ अङ्कका १११–११७ पृ.

२४. लिच्छविकालका अभिलेखको २८३ पृ.

२५. लिच्छविकालका अभिलेखको २९१ पृ

२६. लिच्छविसंवत्‌को निष्कर्षको २७ पृ.

२७. वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा ३ अङ्कमा छापिएको पिताजी नयराज पन्तको लिच्छविकालको पञ्चाङ्गको एक झलक भन्ने निबन्ध, सो अङ्कका ४–६ पृ.
वि.सं. २०३३ मा प्रकाशित पूर्णिमा ३४ अङ्कमा छापिएको पिताजी नयराज पन्तको लिच्छविकालनिर्णयाय वेदाङ्गज्यौतिषं स्मरणीयम् भन्ने निबन्ध

२८. लिच्छविकालका अभिलेखको १२० पृ.

२९. लिच्छविकालका अभिलेखको ३४० पृ.

३०. पूर्णिमा ३९ अङ्मा छापिएको पिताजी नयराज पन्तको ऋषिवचनलाई पनि काट्न सक्ने सामर्थ्य शङ्करमान राजवंशीको वचनमा छ भन्ने नसकारेसम्म उनको लिच्छविसंवत्‌को निष्कर्ष प्रामाणिक ठहर्न सक्तैन भन्ने निबन्ध, सो अङ्कका १२९–१३० पृ.

३१. लिच्छविसंवत्‌को निष्कर्षका १७–१८ पृ.

३२. पूर्णिमा ३९ अङ्कको १२९ पृ.

३३. पूर्णिमा ३९ अङ्कका १०२, १०३ पृ.

卐

कैलासकूटभवन : एक अध्ययन

—गोविन्द टण्डन

नेपालको इतिहासमा लिच्छविकालको ज्यादै ठूलो महत्व छ। प्रामाणिक राजनैतिक इतिहास देखि लिएर कला, वास्तुकला, धर्म, दर्शन आदि विविध सांस्कृतिक पक्षहरूको यस कालमा समयोचित विकास भएको थियो। श्रीमानविहार, श्रीराजविहार, खर्जुरिकाविहार, मध्यमविहार आदि अनेकौं बौद्धविहारहरू, त्रिविक्रमका राम्रा असल मन्दिरहरू देखि लिएर मानगृह, कैलासकूट-भवन, भद्राधिवास भवनहरूको साथै जलद्रोणी पाटी–पौवा, दुर्ग आदि वास्तुकलाहरूको चरमोत्कर्ष यस कालमा भएको थियो। यस प्रकार धर्मसापेक्ष र धर्मनिरपेक्ष दुवै किसिमका वास्तुकलाहरूको विकास लिच्छविकालमा भएको स्पष्ट छ।

'मानगृह' को निर्माण राजा मानदेवले गरेका थिए, जसको स्थायीत्व लिच्छवि राजा भीमार्जुनदेव सम्म रहेको थियो। "कैलासकूट भवन" को निर्माण श्रीमहासामन्त अंशुवर्मालि गरेका थिए। त्यस्तै गरी "भद्राधिवास भवन" को निर्माण राजा नरेन्द्रदेवले गरेका थिए। उपर्युक्त राजप्रासादहरूबाट राजा तथा सामन्तहरूले आज्ञा आदेशहरू प्रसारित गरेबाट ती दरवारहरूको महत्वपूर्ण स्थितिको वोध हुन्छ। तिनीहरू मध्ये शिलालेख तथा विदेशी यात्रीले समेत मुक्तकण्ठले प्रशंसा गरेको कैलासकूटभवनको बारेमा यहाँ छोटकरी चर्चा गरिन्छ। माथिका राजप्रासादहरूको अलावा त्यसबेला अरू पनि दरवारहरू थिए।[1] त्यस्तै गरी लिच्छविकालिन अभिलेखमा "दक्षिण-राजकुल"[2] "सलम्बुराजवासक"[3] आदि दरवारहरूको उल्लेख पाइन्छ।

नेपाली सभ्यता तथा संस्कृतिमा रुची राख्ने प्रत्येकको निम्ति कैलाशकूट भवन सधैं नै एउटा कौतुहलको विषय बनेर रहेको छ। यद्यपि हामी संग यसको कुनै पनि अवशेषहरू स्पष्ट प्रमाणका निमित्त छैनन्, तर चिनियाँ विवरण र लिच्छवि अभिलेखहरू, जसमा यस सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ, लाई महत्वपूर्ण स्रोत मान्न सकिन्छ।

अहिले सम्म प्राप्त शिलालेखहरूमा 'कैलासकूटभवन' को पहिलो उल्लेख संवत २९(४९८+७८+२९=६०५ A. D.) को अंशुवर्माको वुङमती अभिलेखमा भएको छ।[4] त्यस अभिलेखमा अंशुवर्माले बुगायुमी (अहिलेको वुङमती) ग्रामका वासिन्दाहरूलाई केही आदेश दिएका छन्। जसबाट उनको उच्च स्थितिको वोध हुन्छ। त्यसभन्दा अगाडि सम्म अभिलेखहरूमा शिवदेव

प्रथमसंग देखापरिरहेका अंशुवर्मा बुङमतीको त्यस अभिलेखमा एकलै देखा परेका छन् । यसबाट उनी नै देशको सर्वेसर्वा भएको बुझिन्छ । अझ शिवदेव प्रथमको उल्लेख यस पश्चात् कहीं पनि नपाइने हुनाले अंशुवर्मा संवत २९ अर्थात् ६०५ इस्वी पछि निर्विकल्प शासकको रूपमा देखापरेको कुराको वढी पुष्टचाँई हुन्छ । यद्यपि धेरै समय सम्म उनले 'श्रीमहासामन्त' उपाधि लिएको देखिन्छ । अन्तिम समय तिर मात्र उनले– 'श्री', 'महाराजाधिराज' आदि उपाधि लिएका थिए । बुङमतीको अभिलेखमा पहिलो पल्ट कैलासकूटभवनको उल्लेख पाइएता पनि त्यसको निर्माण भने सम्भवत त्यस भन्दा केही समय अगाडि नै भैसकेको कुरा प्राप्त प्रमाणहरूबाट बुझ्न सकिन्छ । जहाँसम्म कैलासकूटभवनको निर्माण कहिले भयो भन्ने कुरा छ यसको लागि हामीले अंशुवर्माको राजनैतिक स्थिति बुझ्नु आवश्यक हुन्छ जसले गर्दा उनलाई विशाल र भव्य कैलासकूटभवनको निर्माणको आवश्यकता पर्न गयो । अंशुवर्मा शिवदेव प्रथमको राज्यको केही समय पछि देखा परेका छन् । कमजोर लिच्छवि राजा वसन्तदेवको समयबाट फाइदा उठाएर गुप्तहरू प्रबल भैरहेका थिए । यो स्थिति शिवदेव प्रथमको प्रारम्भिक अवस्था सम्म कायम थियो, जसले गर्दा राज्यमा उनको स्थिरता संदिग्ध थियो । यसको प्रतिनिधित्व भौमगुप्तले गरेका थिए । "महा-प्रतिहार महासर्वदण्डनायक" जस्तो शक्तिशाली पद लिएर पनि राजोचित 'श्री' आफ्नो नाम अगाडि राखेका थिए जुन उनी भन्दा अगाडिका गुप्तहरूले गर्न सकेका थिएनन् । बसन्तदेवको समयमा रविगुप्त कम शक्तिशाली थिएनन् तर उनले 'श्री' उपाधिको आँट गर्न सकेनन् । भौमगुप्तले आफ्नो नाम अगाडि 'श्री' राखेर आफ्नो शक्तिको परिचय दिएका थिए । यसैले महत्वाकांक्षी भौमगुप्त रहे सम्म शिवदेवको स्थिति संदिग्ध थियो । तर राज्यकालको केही समय पछि नै शिवदेवले अंशुवर्मा जस्तो चतुर व्यक्तित्वको सहयोग पाए, जसले उनको राज्य स्थिरतामा निकै सहयोग पुऱ्यायो । शिवदेवको शत्रुपक्षलाई दमन गर्न यिनको निकै महत्वपूर्ण हात रहेको थियो भन्ने कुरा यिनको दिनप्रतिदिनको शक्तिवृद्धिले देखाउँछ । संवत् ५१६ (=५१६+७८=५९४ इस्वी) वैशाखको पाटन भीमसेन स्थानको अभिलेखमा[5] 'श्रीसामन्त' को रूपमा देखिएका अंशुवर्मा त्यसको एकमहिना पछिको भक्तपुर गोलमादीटोलको संवत ५१६ जेष्ठको अभिलेखमा "श्रीमहासामन्त"[6] हुन पुगेका छन् । यसले दिन पर दिनको उनको शक्ति वृद्धिको परिचय दिन्छ ।(राजगद्दीमा यद्यपि शिवदेव प्रथम नै थिए तर राज्य शासनमा अंशुको महत्व बढि-रहेको थियो । यसरी क्रमशः व्यक्तित्व वृद्धि हुनुमा अंशुवर्मासंग के शक्ति थियो ? के आकर्षण थियो ? त्यो यस परिप्रेक्षमा मननीय छ । चाँगुको शिवदेव अंशुवर्माको अभिलेखमा– दिशाको छेउ छेउ सम्म कीर्ति फैलिएका ! ढोग्न आएका सामन्त राजाका शिरपेचका मणिको चहकले पाउ झलमल्ल सुहाएका श्री सामन्त अंशुवर्माले–[6] भनी लेखिएकोले अंशुवर्मा श्रीसामन्त मात्र भएता पनि त्यसबेला उनको स्थिति कत्तिको समुन्नत र जल्दोबल्दो थियो भन्ने कुरा स्पष्ट हुन्छ)। चिनिया यात्री हुएन– साङ्गले अंशुवर्मालाई 'शब्दविद्या' सम्बन्धी ग्रन्थ लेख्ने श्रेय दिनु[7] शिवदेव अंशुवर्माको बनेपा अभिलेखमा[8] " विद्याद्वारा भएको ज्ञानले " (विद्यामयपरिज्ञान) भनी उल्लेख हुनुबाट अंशुवर्माको त्यति चाँडो उन्नति हुनुका धेरै कारणहरू मध्ये विद्वता पनि एक थियो भन्ने देखिन्छ ।

उनीमा भएको पौरूषता, पराक्रम र साहसले पनि उनको शक्तिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको थियो भन्ने कुरा उनका अभिलेखहरूबाट थाहा हुन्छ । यस सन्दर्भमा ती अभिलेखहरूमा उल्लेखित कुराहरूलाई संक्षिप्तरूपमा प्रस्तुत गर्नु प्रासाँगिक नै हुने देखिन्छ । अहिले सम्म प्राप्त अभिलेख-हरूमा शिवदेव र अंशुवर्माको उल्लेख हुन आएको तिथि मिति सहितको पहिलो अभिलेख पाटन भीमसेनस्थानको अभिलेख हो । यसमा संवत ५१६ वैशाख शुक्ल दशमी लेखिएको छ । यस अभिलेखमा अंशुवर्मालाई–"(सामन्त राजाहरूले) दुवै पाउ ढोगिएका सफा ठूलो कीर्ति फैलिएका" भनिएकोछ[9] । यसमा उनको उपाधि "श्रीसामन्त" मात्र छ । त्यस्तै चाँगुको अभिलेखमा पनि उल्लेखित छ । बनेपाको शिवदेव+अंशुवर्माको संवत्‌विहिन अभिलेखमा अंशुवर्मालाई "विद्याद्वारा भएको ज्ञानले... विशेषवाद भएका दिशाको छेउसम्म कीर्ति फैलिएका सारा सामन्तहरूले ढोगिएका '-भनिएको छ[10] । उपर्युक्त पछिल्ला दुवै अभिलेखहरूमा अंशुवर्माको उपाधि 'श्रीसामन्त' मात्र छ । यी दुवै अभिलेखहरूमा संवत् खण्डित भैसकेको भएता पनि यिनीहरू अंशुवर्माको आरम्भकालीन शिलालेखहरू हुन् भन्ने कुरामा कुनै शंका छैन् । यस प्रकार उपर्युक्त अभिलेखहरू-बाट अंशुवर्मा 'श्रीसामन्त' मात्र भएता पनि राज्यमा उनको स्थिति र व्यक्तित्व ज्यादै उच्च रहेको देखिन्छ । स्वयं राजा शिवदेव समेत उनलाई गौरवको दृष्टिले हेर्दथे भन्ने कुरा माथि उल्लेखित पाटन भीमसेनस्थानको अभिलेखमा उत्कीर्ण शव्द "एतद गौरवाद" र चाँगुको अभिलेखमा उल्लेख भएको शब्द "एतदवहुमानाद" बाट बुझ्न सकिन्छ । तिनीहरू भन्दा पनि बढी बनेपाको अभिलेखमा शिवदेवले आज्ञा प्रसारित गर्दा "तदनुमतेन" भनी अंशुवर्माको अनुमतिले आफूले आज्ञा प्रसारित गरेको कुरा शिलालेखमा समेत उत्कीर्ण गराएबाट अंशुवर्माको शक्तिलाई स्वयं राजा शिवदेवले पनि स्वीकार गरेको प्रमाणित हुन्छ । अझ संवत् ५१६ जेष्ट शुक्ल दशमीको गोलमाढीटोल भक्तपुरको अभिलेख देखि उनको उपाधि "श्री महासामन्त" देखिएकोले उनको शक्तिमा अझ वृद्धि भयो यसमा कुनै शंका छैन । यसप्रकार राजा शिवदेवले पनि गौरवको दृष्टिले हेर्नु पर्ने, उनको अनुमति लिई कामगर्नु पर्ने अवस्थामा अंशुवर्मा पुगिसकेको देखिन्छ । माथिका उदाहरणहरूबाट अंशुवर्माको बेग्लै अस्तित्व बनिसकेको, उनको हात माथि पर्दै गई रहेको समेत बुझ्न सघाउ पुऱ्याउछ । मानगृहमा लिच्छवि राजा शिवदेव आसीन छँदैथिए । अंशुवर्माले आफ्नो शक्तिमा जतिसुकै वृद्धि भएता पनि मानगृहमा बस्ने चेष्टा गरेनन्, वसेनन् । यसैले राज्यशासन सम्वन्धि उनको महत्वपूर्ण पक्षलाई विचार गर्दा उनको निमित्त छुट्टै दरवारको आवश्यकता हुनु स्वाभाविक देखिन्छ । संवत् ५१७ (=५१७+७८=५९५ इस्वी) को धर्मस्थली अभिलेखमा– "ढोग्न नुहेका अनेक (सामन्त) राजाका शिरपेचका मणिका चहकले दुवै पाउ झलमल्ल सुहाएका, परिश्रमपूर्वक राम्ररी प्रजाको पालन गर्नाले दिशाको छेउ–छेउसम्म प्रभाव फैलिएका, श्रीमहासामन्त अंशुवर्माले " भनिएकोछ[11] । त्यस्तै गरी संवत् ५१७ (=५१७+७८=५९५ इस्वी) प्रथमाषाढको बुढानीलकण्ठस्थानको अभिलेखमा– 'ठूलो लँडाईको मैदानमा बाजी मार्दा, भएको शुन्याईको प्रभावले सारा शत्रुहरूको दवद्वालाई सखाप पारेका, परिश्रमपूर्वक राम्ररी प्रजाको हेरचाह गर्नाले आर्जेको सफा कीर्तिले दिशाको छेउछाउ ढाकेका, श्रीमहासामन्त

अंशुवर्माले" भनिएको छ[12]। उपर्युक्त उद्धरणहरूबाट शिवदेव भट्टारक महाराजकोरूपमा लिच्छवि गद्दीमा रहेता पनि अंशुवर्माको शक्तिमा बृद्धि भैरहेको देखिन्छ। अंशुवर्माको यिनै शक्ति दृद्धि भएको ताका कैलासकूटभवनको निर्माण शुरू भएको हुनुपर्छ। यही कारण संवत् ५२० (=५२० +७८=५९८ इस्वी) मा कैलासकूट भवनको द्वारोद्घाटन हुनसक्यो। यस कुराको पुष्टि खोपासीको अभिलेखबाट हुन्छ। त्यस अभिलेखमा शिवदेवले कुर्प्पासी (अहिलेको खोपासी) ग्रामका वासिन्दाहरूलाई उनीहरूको ग्राममा सारा अधिकरण (अड्डा-अदालत) पस्न नपाउने पहिले निगाह गरेका छन्; त्यसपछि "द्वारोद्घाटन र कैलास...यात्रामा तिमीहरूले जनैपिच्छे पचासवटा सेता जातका माटा (कमेरा) बुझाउनु[13] भन्ने आदेश जारी गर्नुका साथै त्यही अभिलेखमा "सबै कार्यको लागि एउटै मान द्वार हुनेछ" (सर्व्वकार्य्येषु चैकमेव वो द्वार) भनेर शिवदेवले अंशुवर्माको दरवार कैलासकूट भवनको निमित्त आदेश जारी गरेको देखिन्छ। खोपासीको उक्त अभिलेखमा उल्लिखित द्वार शब्द राजप्रासादलाई बुझाउन प्रयोग गरिएको हो। त्यसबखत राजप्रासादलाई द्वार शब्दले बुझाउँदथ्यो। यसैको परम्परा मल्लकाल तथा शाहकाल सम्म पनि राजप्रासादलाई द्वार शब्दको अर्थमा प्रयोग गरेको कुरा हनुमान ढोका दरवार साक्षी छ[14]। यसभन्दा अगाडि देखि नै अंशुवर्माको दिनपरदिनको उत्कर्षलाई हेर्दा संवत ५२०(=५२०+७८=५९८ इस्वी) मा कैलासकूटभवनको एक वा सबै ढोकाहरूको उद्घाटन हुनुमा कुनै आश्चर्य छैन। त्यस अभिलेखबाट बनेको भवन भव्य तथा विशाल भएको बुझिन्छ। किनभने सारा अधिकरणहरूलाई पस्न निषेध गरी कुर्प्पासीका प्रत्येक जनालाई ५० वटा सेता जातका माटा (कमेरा) ल्याउन भनिएको छ। त्यत्तिका सेता माटाहरूको प्रयोग निर्माण सम्बन्धि कार्य बाहेक अरूको लागि हुन सक्तैन। यद्यपि दरवार बनाउँदा त्यसको उद्घाटनको अवसरमा यात्रा चलाएको उदाहरण त लिच्छवि अभिलेखहरूमा भेटिएको छैन तर संवत १२९ को शिवदेव द्वितीयको वलम्बु अभिलेखमा– "कारणपूजा गरी बचेको पैसाले हाम्रो पुण्य वढोस भनी भगवान पशुपतिनाथलाई प्रतिवर्ष सुन्दर छत्र चढाउनु। त्यसको उपलक्ष्यमा राम्रो यात्रा पनि गर्नु" भनिएको छ[15]। एउटा छाता चढाउँदा राम्रो यात्रा गरिने समयमा त्यत्रो महत्वपूर्ण दरवार बनाउँदा कुनै यात्रा (उत्सव) गरिएन होला भन्न सकिन्न। आफ्नो दरवारलाई भगवान शिवको वासस्थान कैलासको नामकरण गर्नाले पनि उनी आफ्नो दरवारलाई भगवान शिवको मन्दिरको रूपमा सम्भवतः हेर्दथे। कैलासकूटभवनबाट आज्ञा प्रसारित चाँही संवत २९(=४९८+२९+७८=६०५ इस्वी) को वुङमती अभिलेख देखि अंशुवर्माले गरेका छन्। यहाँ एउटा प्रश्न खडा हुन्छ यही संवत ५२०(=५२०+७८=५९८ इस्वी) देखि नै कैलासकूटभवनको द्वारोद्घाटन भएको भए त्यसभन्दा पछिका आज्ञा आदेशहरू किन कैलासकूटभवनबाट जारी नगरी संवत २९(=४९८+७८+२९=६०५ इस्वी) देखि मात्र गरियो? यसको जवाफ स्पष्ट छ, संवत् २९ अर्थात ६०५ इस्वी भन्दा अगाडि नि.शन्देह अंशुवर्मा राज्यको हर्ताकर्ता थिएतापनि गद्दिमा लिच्छवि राजा शिवदेव प्रथम् नै थिए। यसैले चनाखा र महत्वाकांक्षी अंशुवर्माले कैलासकूटभवनबाट आज्ञा प्रसारित गरेनन्। अर्को शब्दमा भन्ने हो भने गद्दीमा राजा हुँदा–हुँदै अंशुवर्माले कैलासकूटभवनबाट आज्ञा आदेश प्रसारित गर्नु

आवश्यक पनि थिएन। स्मरणीय छ, जुनवेला देखि कैलासकूटभवनबाट अंशुवर्माले आदेश प्रसारित गरे त्यसवेला देखि शिवदेव प्रथमको अवसान पनि भयो। यस कुराको पुष्टि संवत् २९ अर्थात ६०५ इस्वीको बुङमतीको उक्त अभिलेखमा अंशुवर्माले सोझै शासककोरूपमा आज्ञा जाहेर गरेबाट थाहा हुन्छ। यसपछि शिवदेव प्रथमको कतै उल्लेख नपाइनुले यस मतको अझ पुष्टि हुन्छ। यद्यपि त्यहाँ केही समय सम्म उनी 'श्रीमहासामन्त' उपाधीमा नै देखिन्छन्। यही उपाधी लिएर उनले अन्तिम समय भन्दा केही अगाडि सम्म राज्य चलाएको कुरा उनको अभिलेखहरूबाट थाहा हुन्छ[16]।

अंशुवर्माले आफू बस्नै दरवारको नाम "कैलासकूटभवन" किन राखे त्यो पनि यस सन्दर्भमा विचारणीय छ। समष्टिगतहरूपमा अगाडिका राजाहरू झैं उनी पनि धार्मिक सहिष्णुतासम्पन्न राजाको रूपमा देखा पर्छन् तर व्यक्तिगतरूपमा भन्ने हो भने उनी भगवान शिवका परम भक्त थिए। नेपालको प्राचीन इतिहासमा अहिले सम्म "भगवान पशुपतिनाथको पाउको अनुग्रह पाएको" (भगवत्पशुपतिभट्टारकपादानुगृहीतो) भनी आफ्नो नाम अगाडि लेखाउने प्रथम व्यक्ति अंशुवर्मा नै हुन् भन्ने कुरा माथि उल्लेखित संवत् २९ अर्थात ६०५ इस्वीको अभिलेखबाट थाहा हुन्छ। त्यसभन्दा अगाडि संवत् ५२० को खोपासीको अभिलेखमा शिवदेवले अंशुवर्मालाई" पशुपतिनाथको चरणकमललाई प्रणाम् गर्न तत्पर रहेका "भनी लेखाएकोले अंशुवर्माको शैवधर्म प्रतिको अनुराग थाहा हुन्छ।[17] त्यस्तै गरी संवत् ३२ को हाडिगाउँ अभिलेखमा विभिन्न देवताहरूको उल्लेख गर्दा "पशुपति' को नाम पहिले राखेबाट र त्यसै अभिलेखमा अरू देवताहरूको साथै पशुपति, रामेश्वर, मानेश्वर, धारामानेश्वर, पर्वतेश्वर, कैलाशेश्वर आदि शैव धर्म सम्वन्धि देवताहरूलाई सहयोग गरेको उल्लेख पाइनाले अंशुवर्माको व्यक्तिगत धार्मिक भावनाको झलको पाइन्छ। उनको संवत् ३२ को साँगाको अभिलेखमा शिवको रौद्ररूपको स्तुति गरिएको छ।[18] शिलालेखहरूको शिर्ष भागमा शैवधर्मसंग सम्वन्धित विभिन्न चिन्हहरूको परम्परा पनि अंशुवर्माले चलाएका थिए[19]। तिनीहरूमा शिलालेखको शिर्षभागमा साँढे अंकित हुनु मुख्य छन्। यी सवै कुराहरूले गर्दा अंशुवर्मा शैवधर्मावलम्वि थिए भन्ने कुरामा कुनै शंका छैन। वास्तवमा भन्ने हो भने उनको समय देखि शैवधर्मले राजाश्रय पाएर राजधर्मकोरूप लिदै थियो। यसैले आफू बस्ने दरवारलाई भगवान शिवको वासस्थान कैलाससंग सादृश्य गराएर नामाकरण गरेका थिए भन्ने कुरामा दुई मत हुन सक्तैन। यस्तो परम्परा अहिले सम्म पनि हामीकहाँ देख्न पाइन्छ। यसैले आफू शैव धर्मावलम्वि भएकोले उनले आफ्नो दरवारको नाम पनि त्यसैको परितुष्टिको निमित्त राखे, यो विचारणीय छ।

कैलासकूटभवनको ख्याति स्वदेशमा मात्र होइन विदेशमा समेत प्रशिद्ध थियो। यस कुराको पुष्टि चीनिया विवरणहरूबाट थाहा हुन्छ। लिच्छवि राजा नरेन्द्रदेवको पालामा चीनिया यात्री वाङयुञ्चे भारत यात्रा गर्न आउँदा नेपालको वाटो भई आएका थिए। तिनले राजा नरेन्द्र-देव तथा नरेन्द्रदेवको दरवारको वर्णन गरेका छन्। उनको अनुसार "नेपालमा एक यस्तो दरवार थियो जो २०० चाउ (चीनियाँ नाप) र ८० पो (=४०० फीट) को लम्वाइ-चौडाइमा खडा

थियो । यसको माथिल्लो तलामा १० हजार मानिस बस्नें ठाउँ थियो । यस भवनको तीनै भाग सात–सात तले थिए । यसका वैठकमा अनेक आश्चर्योत्पादक मूर्तिहरू सजाइएका थिए । भवनको प्रत्येक अंशमा कीमती रत्नहरू र सक्ली मोती जडिएका थिए[20] । नरेन्द्रदेवको दरवारको सम्वन्धमा चीनिया स्रोतबाट अरू महत्वपूर्ण जानकारी हामी पाउछौं । यस अनुसार– "दरवारको मध्यमा तामाको झिंगटी हालेको सात तले वुर्जा थियो । यसका वार्दली, अगेना, खम्बा, दलिन एवं त्यहाँका प्रत्येक वस्तुमा उत्तम कोटीका बहुमूल्य रत्न जडिएका थिए । वुर्जाका चारै कुनामा सुनका मकाराकृति टुटी भएका तामाका धाराहरू थिए, वुर्जामाथिवाट अनेक घुमाउरो नलिकाद्वारा सोहोरिएको पानी झर्दा पहाडी छहराको दृश्य देखिन्थ्यो"[21] । साच्चै भन्ने हो भने उपयुक्त चीनिया विवरणहरूबाट यस सम्बन्धमा ठोस निष्कर्ष निकाल्न निकै सघाउ पुऱ्याउछन् । चीनिया यात्री वाङ्युञ्चेले आफ्नो विवरणमा नेपालको यस दरवारको कलाको दाँजोमा पुग्ने कुनै चीनिया कलाकृति नभएको विचार प्रकट गरेका थिए । यद्यपि त्यहाँ उनले नरेन्द्रदेवको दरवार मात्र भनी दरवारको कुनै नामोल्लेख गरेका छैनन् । यसैले उनले त्यत्रो मुक्तकण्ठले प्रशंसा गरेको दरवार कुन हो ? भन्ने प्रश्न हाम्रो सामु उभिन्छ । नरेन्द्रदेवको अहिले सम्म प्राप्त अभिलेखहरू संवत ६७ (=४९८+७८+६७=६४३ इस्वी) देखि संवत १०३ (=४९८+७८+१०३=६७९ इस्वी) सम्मका छन्[22] । संवत् ९५ अर्थात ६७१ इस्वीको च्यासलटोलको अभिलेखमा पहिलोपल्ट अर्को दरवार 'भद्राधिवास भवन' बाट आदेश प्रसारित गरिएको छ; यस्तो कार्य संवत १०३ अर्थात ६७९ इस्वी सम्म कायम रह्यो । यसप्रकार यस दरवारको निर्माणकर्ता उनी नै देखिन्छन् । संवत् ९५ अर्थात ६७० इस्वी भन्दा अगाडिका आदेशहरू कैलासकूटभवनबाट प्रसारित गरेको देखिन्छ । जसबाट नरेन्द्रदेवले संवत् ९५ भन्दा अगाडि सम्म कैलासकूटभवनमा नै बसी शासन चलाएको स्पष्ट छ । 'मानगृह' को अस्तित्व भीमार्जुनदेवको संवत ५७ अर्थात ६३३ इस्वीको थानकोट अभिलेख पश्चात नपाइने हुनाले यसको महत्व भीमार्जुनदेवसंगै विलिन भएको देखिन्छ । फेरि भद्राधिवासभवनको सुन्दरता, भव्यता, आदिको बारेमा कतै केही उल्लेख पाइदैन जबकि 'कैलासकूटभवन' को यथेष्ठ भव्यता सम्वन्धि विवरणहरू पाइने हुनाले चीनिया दूत वाङयूञ्चेले वर्णन गरेको नरेन्द्रदेवको दरवार 'कैलासकूटभवन' नै हो भन्ने कुरामा कुनै शन्देह रहन्न । स्मरण रहोस, चीनिया दूत वाङयुञ्चे ६४६ इस्वीमा नेपालको बाटो भई भारत गएका थिए त्यसवेला गद्दीमा राजा नरेन्द्रदेव भएको र उनले चीनिया दूतको भव्य स्वागत गरेको विवरण दिएका छन्[23] । नरेन्द्रदेवले संवत ९५ अर्थात ६७१ ईस्वी भन्दा अगाडि सम्म कैलासकूटभवनबाट आज्ञाआदेशहरू प्रसारित गरेकोले पनि चीनिया दूतले वर्णन गरेको दरवार कैलासकूटभवन सिवाय अरू कुनै होइन भन्ने कुरालाई जोडदार समर्थन गर्दछ । चीनिया विवरणलाई नियाली हेर्दा कैलासकूटभवन परम्परागत नेपाली शैलीको थियो भन्ने कुरा देखिन्छ । जुन वास्तुशैली पछि "पेगोडा शैली" नामले विश्वविख्यात भयो । यी चीनिया विवरणहरूवाट आजकल जुन वास्तुकलालाई पेगोडा शैली भन्छन, त्यसको उद्भव नेपालमा नै भएको हो भन्ने कुरालाई निःशन्देह समर्थन गर्दछ । यस कुरालाई के. पी. जयसवाल[24] फर्गुसन[25] आदि विद्वान्हरूले पनि समर्थन गरेका छन् । चिनियाँ स्रोतहरू

बाट कमसेकम सत्रौं शताब्दिसम्म यस वास्तुशैलीको प्रचलन चीनमा नभएको बुझिन्छ ।

चीनियाँ दूतले कैलासकूट भवनको जसरी प्रशंसा गरेका छन्, त्यसमा अतिशयोक्तिको भाव छैन किनभने संवत् ३२ अर्थात् ६०८ ईस्वीको सांगाको अंशुवर्माको अभिलेखमा – "पृथ्वी वहाको टीका जस्तो भएको, कुरि कुरि लागेका दुनियाँहरूले आँखा झिम्म नगरेर हेरिएको कैलासकूट भवनबाट[26] भनी त्यसको सुन्दरता र भव्यताको स्पष्ट व्याख्या गरिएको छ । सांगाको अभिलेखमा उल्लेखित ती वाक्यहरूलाई लिएर त्यसवेला "कैलासकूटभवन" भर्खर बनेको थियो जसले गर्दा जनताहरूलाई हेर्न कुरि कुरि लागेको थियो भनिएको पनि पाइन्छ । तर त्यो भवन बनेको धेरै समयसम्म पनि त्यस सम्बन्धी प्रशंसा र बखानहरू पाइने भएकोले त्यसबाट भर्खर बनेको आभाष पाइँदैन । वरु त्यसबाट पछि हुँदै गए पछि त्यसको महत्व झन् बढ्दै गएको बुझिन्छ । यस कुराको पुष्टि संवत् ३१ अर्थात् ६०८ ईस्वीको उपरोक्त माथि वर्णन गरिएको साँगाको अभिलेख, चीनियाँ विवरण, नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखवाट हुन्छ । संवत् २९ अर्थात् ६०५ ईस्वीको वुङमती अभिलेख जसमा पहिलोपल्ट कैलासकूट भवनको उल्लेख आएको छ त्यसमा साधारणरूपले "कैलासकूटभवनबाट" (कैलासकूटभवनाद) मात्र भनिएको छ, जसले त्यसभन्दा केही अगाडि देखि नै कैलासकूटभवन बनिसकेको र अंशुवर्मा त्यस दरवारमा बसिसकेको भाव व्यक्त गर्दछ । नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखमा–"कैलासको टाउको जस्तो भएको, आखाँलाई आनन्द दिने, राम्रो, संसारमा प्रशिद्ध भएको कैलासकूटभवनबाट"[27] भनिएकोछ । संवत ५२० अर्थात ५९८ इस्वीको खोपासीको अभिलेखमा द्वारोद्घाटन र कैलास. . . यात्राको सन्दर्भमा सेता जातको माटोको उल्लेख हुनु, नरेन्द्रदेवको भन्सारचोकको अभिलेखमा "जूनले टल्केको हिमालयको टाकुरो झैं झलझल गर्ने[28] " उल्लेख हुनुबाट यो दरवार सेतो र झकिझकाउ थियो भन्ने कुरा स्पष्ट हुन्छ । कैलासकूटभवन सुविधा, साधन र पाइक पर्ने ठाउँमा थियो । यही कारण हो जसले गर्दा राजा र सामन्तहरूको यस दरवारमा बस्न तछाड-मछाड चलेको थियो । गुप्तहरूको चकचकीलाई नरेन्द्रदेवले सदाको लागि पन्छाएपछि संवत् ६७ अर्थात ६४३ ईस्वी देखि परम्परागत पुर्खौली दरवार 'मानगृह' मा नवसी नरेन्द्रदेवले कैलासकूटभवनमा वसी संवत् ९५ अर्थात ६७१ इस्वी भन्दा अगाडि सम्म शासन चलाए । त्यस संवत् संग-संगै एउटा नयाँ राजप्रासादको उल्लेख पाइन्छ जसको नाम थियो "भद्राधिवास भवन" यसको उल्लेख हामीले माथी धेरै ठाउँमा गरिसकेका छौं । तर यो कैलासकूटभवन जस्तो प्रशासनीक दृष्टिले, साथै सुखसुविधा र पाइकको दृष्टिकोणले पनि सम्पन्न नभएको देखिन्छ । शिलालेखहरूमा यस सम्वन्धि सुन्दरता र भव्यताको बखान गरिएको उदाहरण अहिले सम्म पाइएको छैन । संवत् १०३ अर्थात ६७९ इस्वी संगै "भद्राधिवासभवन" को महत्व र अस्तित्व नरेन्द्रदेवको राज्यकाल संगसंगै बिलिन भएको देखिन्छ । त्यसपछि यस भवनको नामसम्म पनि पाइदैन । नरेन्द्रदेवका उत्तराधिकारीहरू शिवदेव द्वितीय, जयदेव द्वितीय आदि लिच्छवि राजाहरू कैलासकूटभवनमा नै वसी शासन गरेको कुरा प्राप्त प्रमाणहरूवाट स्पष्ट हुन्छ । साथै यसबाट कैलासकूटभवनको महत्व वारे पनि धेरै कुरा बुझ्न

सघाउ पुऱ्याउँछ । अहिले सम्म प्राप्त लिच्छविकालीन अभिलेखहरूमा कैलासकूटभवनको उल्लेख भएको मिति सहितको अन्तिम अभिलेख संवत् १२९ अर्थात ७०५ इस्वीको द्वितीय शिवदेवको अभिलेख हो । तर यसको स्थायित्व भने त्यस भन्दा धेरै पछि सम्म रहेको कुरा प्राप्त अभिलेखहरूबाट थाहा हुन्छ । यसरी कैलासकूटभवनले अंशुवर्माको सामन्ती जीवन र राजसी जीवनलाई एकातिर समेटेको छ भने जिष्णुगुप्त, विष्णुगुप्त आदि सामन्त अनि नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीय आदि लिच्छवि राजाहरूको इतिहासलाई यसले झझल्वयाउँछ । नरेन्द्रदेवका उत्तराधिकारीहरू नयाँ बनाइएको भद्राधिवास भवनमा नबसी कैलासकूटभवनमा बसेबाट पहिलो भन्दा दोश्रो दरवार सुविधा सम्पन्न, महत्वपूर्ण, भव्य, पाइक पर्ने दरवारकोरूपमा देखा पर्छ । यदि कैलासकूटभवनमा त्यो गुण नभएको भए भर्खर बनेको भद्राधिवास भवनको महत्व घट्ने थिएन ।

संवत् ३० अर्थात् ६०६ ईस्वीको हाँडिगाउंको अंशुवर्माको अभिलेखमा मर्यादा सम्वन्धी व्यवस्था बाढा विभिन्न देवीदेवताको नाम आएको छ जस्तै श्री देवी, अग्नी, श्रीकुलदेवता, षष्ठि-देवकुल इत्यादि । दरवार सम्बन्धि चर्चा गर्दा तिनीहरूको नाम आएको र श्रीदेवी र श्री कुल-देवताको नाम अगाडि राजोचित 'श्री' युक्त भएको देख्दा ती विभिन्न देव–देवताहरू राजदरवार भित्रका हुन् भन्ने देखिन्छ । कुन चाँहि दरवारका देवी–देवताहरूलाई अंशुवर्माले भाग नियत गरेका हुन् स्पष्ट नभएता पनि आदेश कैलाशकूटभवनबाट प्रसारित गरिएको र कैलासकूटभवनको त्यस-वेलाको ख्याति प्रशिद्धिलाई देख्दा त्यस शिलालेखमा उल्लेखित 'श्री' युक्त देवीदेवताहरू कैलास-कूटभवन कै हुन् भन्ने देखिन्छ । यसै अभिलेखमा मानगृहको ढोकाको लागि छुट्टै भाग नियत गरिएकोले माथिको कुराको अझ पुष्टि हुन्छ ।

मध्यकालीन दरवारमा इष्टदेवी सहित विभिन्न देवी–देवताहरूको उपस्थिति देख्दा दरवार-हरूमा देवी–देवताहरू राख्ने परम्परा नेपालमा प्राचीनकालदेखि नै चलेको कुराको पुष्टि गर्न यो शिलालेख महत्वपूर्ण सावित हुनसक्छ । हाँडिगाउँको यस अभिलेखबाट कैलासकूटभवनमा चार ढोकाहरू रहेको बुझिन्छ । तिनमध्ये दक्षिण ढोकाको विशेष महत्व थियो भन्ने कुरा पश्चिम ढोका, माझ ढोका, उत्तर ढोकालाई भन्दा यसलाई बढी भाग नियत गरिएकोबाट वुझ्न सकिन्छ । सम्भ–वतः दक्षिणढोका मुलढोका थियो वा दक्षिण ढोकाबाट अरू ढोकाहरूभन्दा विशेष महत्वपूर्ण काम हुने हुनाले यसलाई महत्ता दिएको हुनुपर्छ । अंशुवर्मा तथा नरेन्द्रदेवको अभिलेखहरूमा कैलासकूट-भवनलाई हिउँ समेत भएको कैलास पर्वतसंग तुलना गरिनुका साथै कैलासकूटलाइ जनताले "आँखा झिम्म नगरी लगातार हेर्दथे" र आँखालाई अत्यन्त रमाइलो लाग्ने" आदि विशेषणहरू दिएको पाइन्छ । यिनीहरूको सांकेतिक अर्थलाई स्वीकार्दा कैलासकूटभवन अत्यन्त अग्लो हुनाको साथै त्यसको छानामा टल्कने धातु विशेष लगाइएको बुझिन्छ । साथै त्यो भवन यति आकर्षक थियो कि जनताहरू यसलाई हेरेर कहिल्यै अघाउदैनथे, यसैले उनीहरू त्यसलाई हेरिरहन्थे भन्ने कुरा अभिलेखमा समेत उल्लेख भएको छ । यही कारण हो यसको ख्याति स्वदेशमा मात्र होइन

विदेशमा समेत प्रशिद्ध भयो । चीन जस्तो समृद्ध र कलाकौशलले पूर्ण देशबाट आएको चिनियाँ दूत कैलासकूटभवनको सौन्दर्य देखेर छक्क परेका थिए; जसको उनले मुक्तकण्ठले प्रशंसा गरे ।

दुर्भाग्यवश आज निर्विवादरुपमा यो अनुपम भवनको जसले लिच्छविकालको कैयौं बर्ष सम्म महत्वपूर्णस्थान ओगट्यो, देश–विदेशमा ख्याति कमायो, कहाँ व्यवस्थित थियो निश्चित प्रमाण हरूको कमी, उत्खनन्, अनुसन्धानहरूको अभावमा यसै हो भन्न सकिदैन । यस सम्वन्धमा विभिन्न तर्कहरू प्रस्तुत गरिएको पाइन्छ । तर विभिन्न सम्भावित कारणहरूले गर्दा कैलासकूट भवन हाडि–गाउँ भेक तिर नै थियो भन्ने अडकल निकै सत्यको सामु पुग्ने देखिन्छ । पहिलो त हाडि· गाउँमा लिच्छविकालीन कलाका नमुनाहरू प्रशस्त छन् – शिलालेख, मूर्तिहरूलाई उदा-हरणको रुपमा लिन सकिन्छ । त्यस्तै गरी सन् १९६५ मा डा. देवको नेतृत्वमा काठमाण्डौ उपत्यका भित्र सर्वप्रथम वैज्ञानिक प्रक्रियाद्वारा उत्खनन् कार्यहरू गरिएका थिए। तिनीहरू मध्ये एउटा हाँडिगाउँ मानमनिश्वरी मन्दिर नजिकै थियो । हाँडिगाउँमा अंशुवर्मा कालिन ईटाहरूको अलावा निक्कै मात्रामा सिक्काहरू जसमध्ये पाशुपत कामदोही, सिंह सहितका आदि प्रमुख छन् र माटाका मोहर (छाप) हरू, माटाका भाँडाकुंडाहरू, मूर्तिहरू आदि फेला परे । प्रकाशित प्रतिवेदन अनुसार हाँडीगाउँमा ईशाको तेश्रो शताब्दिदेखि लिएर एघारौं शताब्दिसम्म घनाबस्ति थियो ।[29] साथै १९६५-६६ मा श्री ५ को सरकार पुरातत्व विभागले भारतीय सल्लाहकार, पुरातत्वविद् डा. एन. आर. वनर्जीको नेतृत्वमा पुन: उपत्यका भित्र हाडीगाउं नजिकै धुम्रबाराही नामक स्थानमा गरे । धुम्रवाराहीमा गरेको उक्त उत्खननको प्रतिवेदन हाल सम्म प्रकाशित हुन नसकेको भएता पनि सो उत्खननको· उपलब्धीहरू सार्है चाखलाग्दा देखिन्छन् । उक्त उत्खनन्मा लिच्छविकालीन नेपालका दैनिक उपभोगमा ल्याइने माटाका भांडावर्तनहरू, नाप-तौल गर्ने भाँडाहरू अंशुवर्माको मुद्रामा पाइने सिंह तथा पशुपत मुद्रामा पाइने साढेका साथै माटाका घोडा, हात्ती, आदि जनावरका खेलौनाहरू, माटाको नै उमा महेश्वरको मूर्ति, नाचिरहेकी नारी र पुरूषका मुर्तिहरू, सुरापान गराइरहेको नारी मुर्ति, आदि फेला परे । उक्त उत्खनन्ले धुम्रवा-राही लिच्छविकालीन एक बस्ति थियो भन्ने प्रमाणित गरेकोछ ।[30] साथै हाँडीगाउँको अहिले-को भूबनावटलाई हेर्दा पनि हाँडीगाउँको प्राचीनतामा शंका गर्ने बाटो छैन । धोवीखोलाको पनि किनार र बाग्वतीको नजिक अवस्थित हाँडीगाउँको मध्यभाग अग्लो हुनाको साथै यसले मोटकोरूप लिएकोछ । प्राचीन वस्ति र दरवारहरू यस्तै नदीको किनार तिर बन्ने गरेका उदाहरणहरू इति-हासहरूमा प्रशस्त भेटिन्छन् । अर्को कुरा हाँडीगाउँमा अंशुवर्माको दुईवटा अभिलेखहरू पाइएका छन् । तिनमध्ये एउटा संवत् ३० अर्थात् ६०६ ईस्वीको छ भने अर्को संवत् ३२ अर्थात् ६०८ ईस्वीको छ । स्मरणीय कुरा, अंशुवर्माको आज्ञा–आदेशहरू भएको खण्डित बाहेक अधिकांश अभि-लेखहरूमा "दूतक" (राजाको आज्ञा जनतासम्म पुर्‍याउने काम गर्ने अधिकारी) को उल्लेख पाइन्छ । तर हाँडीगाउँका उक्त दुई अभिलेखहरूमा 'दूतक' को उल्लेख छैन । यसबाट के बुझिन्छ भने ती आदेशहरू दरवारबाट राजाद्वारा प्रसारित गरिएको थियो; यसैले दूतकको कुनै आवश्य-

कता भएन । यसमध्ये पहिलो, जसमा राजदरवार सम्बन्धि कुराहरूको विवेचन भएको छ, मा "यो मेरो आफ्नै आज्ञा हो" (स्वयमाज्ञा) भनेर उल्लेख गरेकोले माथिको कुराको पुष्टि हुनुका साथै 'कैलासकूट' हांडीगाउँ भेक तिर नै भएको कुराको समर्थन गर्दछ । दूतकविहीन दुईवटा अभिलेखहरू एकै ठाउँमा संगै रहनुले अझ यस मतलाई बलियो पार्दछ । उपरोक्त कुराहरूको साथै सवभन्दा महत्वपूर्ण प्रमाण सन् १९६८ मा हांडीगाउँ डवली नजिक रहेको सरस्वती मूर्तिको लागि मन्दिर बनाउँदा केही पाको ईट भेटिएका थिए । उक्त ईटहरूमा लिच्छवि लिपिमा "श्रीमहासामन्तां-शुवर्म्मण:" भन्ने लेखिएका छन् । अभिलेख सहितको अंशुवर्माको उपाधी समेत उत्कीर्ण गरिएका ती ईटाहरूको प्रयोग कुनै महत्वपूर्ण स्थापत्य वास्तुको लागि गरिएको हुनुपर्छ । सम्भवतः यसको प्रयोग महत्वपूर्ण कैलासकूटभवन कै निर्माण भएको हुनुपर्छ । यदि यो सत्य हो भने अंशुवर्माले कैलासकूटभवन आफु महासामन्त भएपछि बनाएका थिए । उनको शक्ति र सामर्थ्यलाई विचार गर्दा यो भवन ५१६-५१७ अर्थात ५९४-५९५ इस्वी तिर बनेको हुनुपर्छ; जसले गर्दा संवत् ५२० अर्थात ५९८ इस्वीमा यसको द्वारोद्घाटन हुन सक्थ्यो । फेरि चीनिया विवरण, अंशुवर्मा र नरेन्द्रदेवको अभिलेखमा दिइएको भव्यता सम्बन्धि विवरणलाई हेर्दा यसको निर्माणमा त्यतिको समय लाग्नु स्वाभाविक नै देखिन्छ ।

टिप्पणी

१. वज्राचार्य, धनवज्र – लिच्छविकालका अभिलेख, संख्या ५२, पृष्ठ ३०१
२. " " – " " संख्या ८०, पृष्ठ ३४२
३. " " – " " संख्या १४३, पृष्ठ ५३२
४. " " – " " संख्या ७१, पृष्ठ २९०
५. " " – " " संख्या ६०, पृष्ठ २४४
६. " " – " " संख्या ६१, पृष्ठ २४६
७. झा, डा. हितनारायण – दि· लिच्छविज, पृष्ठ १४८
८. वज्राचार्य, धनवज्र – लिच्छविकालका अभिलेख, संख्या ५९, पृष्ठ २४०
९. " " – " " प्रणत. . . . .चरणयुगलेन प्रख्याता (मलवि) पुल (यशसा) श्री सामन्तांशुवर्म्मणा" संख्या ६०, पृष्ठ २४४
१०. " " – " " (प्रण) ताशेषसामन्तमण्डलेन महा–धिराज श्री सामन्तां (शुवर्म्मणा) " " संख्या ५९, पृष्ठ २४०
११. " " – " " य थानेनपनमितानेकक्षितिपति शिरोविभुषणमणिरूचा (वभासित) चरणयुगलेन सम्यकप्रजापालनपरिश्रमोपार्जितदिगन्त-व्याप्तप (रा) क्रम श्री महासामन्तांशुवर्म्मणा " संख्या ६३, पृष्ठ २५८

१२. " " – " " पृथु समरसम्पातनिर्जयाधिगत-
शौर्यप्रतापोपहतसकल शत्रुपक्षप्रभावेन सम्यक्प्रजापालनपरिश्रमोपार्ज्जितशु भयशोभिव्याप्तदिङ-
मण्डलेन श्रीमहासामन्तांशुवर्म्मणा " " संख्या ६४. पृष्ठ २६०-२६१

१३. " " – " " द्वारोद्घाटनकैलास . .यात्रयोश्च
भवद्भि: प्रत्येकं पञ्चाशज्जातिशुकलमृत्तिका देया " संख्या ६८, पृष्ठ २७४

१४. राजबंशी, शंकरमान – 'गोरखापत्र' शनिवार मंसीर १० गते २०३५, पृष्ठ ७

१५. बज्राचार्य, धनवज्र – लिच्छविकालका अभिलेख "कारणपूजाव्यवशिष्टे च द्रवेण भगवत: श्री पशुपतिभट्टारकस्य प्रतिवर्षमस्मत्पुण्याधिगमनिमित्तं शोभनच्छत्रारोपणा करणीया" संख्या १४३, पृष्ठ ५३१

१६. " " – " " १) बुङमतीको अंशुवर्माको अभिलेख
संख्या ७१, पृष्ठ २९० २) हाँडिगाउँको अंशुवर्माको अभिलेख
संख्या ७२, पृष्ठ ३०१ ३) भटुवालको अंशुवर्माको अभिलेख
संख्या ७३, पृष्ठ ३०९ ४) टिस्टुङगको अंशुवर्माको अभिलेख
संख्या ७४, पृष्ठ ३११ ५) हाँडिगाउँको अंशुवर्माको अभिलेख
संख्या ७७, पृष्ठ ३२० ६) साँगाको अंशुवर्माको अभिलेख
संख्या ७८, पृष्ठ ३३६ ७) पाटन सुन्धाराको अभिलेख
संख्या ७९, पृष्ठ ३३९ ८) पाटन नबहिलको अंशुवर्माको "
संख्या ८१, पृष्ठ ३४५ ९) तौखेलको अंशुवर्माको अभिलेख
संख्या ८२, पृष्ठ ३४८ १०) वटुको अंशुवर्माको अभिलेख
संख्या ८३, पृष्ठ ३५१ ११) नक्साल भन्सारहिटीको
अंशुवर्माको अभिलेख, संख्या ८४, पृष्ठ ३५४

१७. " " " " संख्या ६८, पृष्ठ २७४

१८. " " " " "कर्णालङ्काररौद्रश्वसदहिपवनव्यस्तपर्यस्त (के) श प्रत्यग्रच्छेदतापा (न्वि) तरुविराशिरीमाल माउच्चैर्मुक्ताट्टयसम्परिविगलदसृङ-नाग चर्मोत्तरी (यं) पायात्तद्रूपमैशं हिमगिरितनयाभीतभीतेक्षितं व:" संख्या ७८, पृष्ठ ३३६

१९. वज्राचार्य, धनवज्र लिच्छविकालका अभिलेख (१) देउपाटनको अंशुवर्माको अभिलेख संख्या ८५, पृष्ठ ३५७ (२) नक्साल भन्सारहिटीको अंशुवर्माको अभिलेख, संख्या ८४, पृष्ठ ३५४, (३) किर्तिपुडीको

अंशुवर्माको अभिलेख, संख्या ८६, पृष्ठ ३६४

२०. शर्मा, बालचन्द्र — नेपालको ऐतिहासिक रुपरेखा, पृष्ठ ९४–९५

२१. रेग्मी डि. आर. — एनसियण्ट नेपाल, पृष्ठ १७७, जयसवाल, के. पी. – क्रोनोलोजी एण्ड हिष्ट्री अफ नेपाल, पृष्ठ ८३–८४, झा, हितनारायण 'दि लिच्छविज्' पृष्ठ १९८

२२. वज्राचार्य, धनवज्र — लिच्छविकालका अभिलेख, पृष्ठ............

२३. झा, हितनारायण — "द लिच्छविज्" पृष्ठ १५७

२४. जयसवाल, के. पी. — "क्रोनोलोजी एण्ड हिष्ट्री अफ नेपाल" "temples or houses of hierarchical and sloping roofs in tiers, storey upon storey, standing on a pavement, supported by a single or a more similarly hierarchical Platforms" spread to other countries from Nepal. पृष्ठ १९९

२५. "The Pagoda style of Architecture was attributed to Chinese and as such, was generally believed to have travalled thence to Tibet and Nepal," But, now we have a difinite information from the Chinese sources that up till 646 A. D. there was no like of it to be seen in china. The possibility, therefore of the style to have travelled from Nepal to China and other countries is more acceptable. It was during the seventh century A. D. that the advent was made by this style into Tibet mainly through Neplease efforts. All credit goes to those who not only produced a new masterly style of Architecture but also gave expression to the same the way, such as was gladly copied by others." उध्दृत रेग्मी, डि. आर.– 'एनसियण्ट नेपाल' पृष्ठ २९९–३०१

२६. वज्राचार्य, धनवज्र — लिच्छविकालका अभिलेख, "क्षितिततिलकभूतात्कुतूहलिजनतानिमेषनयनावलोक्यमानात्कैलासकूटभवनात", संख्या ७८, पृष्ठ ३३६

२७. " " " ", "कैलासश्रृङ्गमान्नयनोत्सवकारिणः। कैलासकूटभवनात रम्याज्जगति विश्रुतात्" संख्या १२९, पृष्ठ ४८५

२८. " " " ", "भुवनप्रकाशाज्जोत्स्नावभृष्टहिमवच्छि (खराग्र) दीप्तेः संख्या १२३, पृष्ठ ४५८

२९. अमात्य, साफल्य — 'नेपाल' अंक ४, श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, पृष्ठ २९–३०

३०. " " " " " " पृष्ठ ३०

A Final Design Of Master Plan
Kenzo Tange & Uritee, Tokyo



The Master Plan

Lumbini, Birth-Place of the Buddha, needs your helping han dfor its development. Your contribution for noble cause is most Welcome.

Donations by Cheque, Postal order, money order and draft may please be sent addressed as follow.

The Lumbini Development Committee
Babar Mahal
Kathmandu, 7101, Nepal.

Official receipts will be issued by the Committee for all donations received.

DISCOVER THE HIDDEN SPLENDOURS OF NEPAL WITH R. N. A. C.

* DAILY MOUNTAIN FLIGHT TOWARDS Mt. EVEREST (A breathtaking experience)
* AIR-HOP TO PICTURESQUE LAKESIDE RESORT-POKHARA
* FXPLORE THE EXOTIC MOUNTAIN RESORTS
* DAILY FLIGHT TO MEGHAULI/BHARATPUR FOR WILDLIFE ADVENTURE TOURS IN ROYAL CHITWAN PARK.
* AIR-HOP TO BHAIRAWA (Lumbini-Birth place of Buddha)



Internationally Kathmandu is linked with Bangkok, Colombo-Delhi & Calcutta by Boeing 727 flights and Patna by HS 748.

ROYAL NEPAL AIRLINES

Kathmandu, Nepal

The Airlines that wings you to the Roof Top of the World